# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ १३ गते २०२३ साल

**श्री ५ को सरकार**

रक्षा–मन्त्रालय

**श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको शाही सेनाका भगुवा उपर गरिने (कारवाही) नियमावली, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–**

शाही सेनाका भगुवा उपर गरिने
(कारवाही) नियमावली, २०२३

शाही सेनाका व्यक्ति भागेमा निजहरू उपर गरिने कारवाही तोक्न वाञ्छनीय भएकोले सैनिक ऐन, २०१६ को दफा १६५ र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सेनाका भगुवा उपर गरिने (कारवाही) नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भगुवा उपर गरिने कारवाहीः– शाही सेनाबाट माल–सामान लिई वा नलिई भागी जाने प्रत्येक व्यक्तिलाई पक्राउ गर्नको लागि सम्बन्धित वाहिनी, फर्मेशन, डिपो, गण, गुल्म, सेनामुख र डिपो ग्रूपले सो भागी जाने व्यक्तिको नाम, थर, वतन खोली आदेश निकाल्नु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

122

३. भगुवाको नाम काट्ने र लगत राख्नेः– (१) नियम (२) बमोजिम भागी जाने व्यक्तिको सम्बन्धमा भागी गएको ६० दिन पछि सम्बन्धित वाहिनी, फर्मेशन, डिपो, गण, गुल्म सेनामुख र डिपो ग्रूपले सो व्यहोरा जनाई आदेश दिई लगत कटाउनु पर्छ ।

(२) उप–नियम (१) बमोजिमको कारवाही सकेपछि सम्बन्धित वाहिनी, फर्मेशन डिपो, गण, गुल्मले भागी जाने व्यक्तिका सम्बन्धमा गरिएको सबै कागजात रिकर्डको लागि क. की. जङ्गी फांटमा पठाउनु पर्छ । क. की. जङ्गी फांटले पनि त्यस्तो कागजात प्राप्त भएपछि छुट्टै भगुवा लगत खडा गरी विभिन्न युनिटको क्रमैसित राख्नुपर्छ ।

(३) क. की. जङ्गी फांटले विभिन्न वाहिनी, फर्मेशन, डिपो, गण, गुल्मबाट प्राप्त भगुवा व्यक्ति उपर कारवाही गरिएको सबै कागजात हेरी भागी जाने व्यक्तिले ३ वर्ष-भन्दा बढी सेवा गरेको भए तीन वर्ष व्यतित भएपछि त्यस्ता व्यक्तिको नाम लगतबाट काटी त्यसको सूचना कन्ट्रोलर अफ् डिफेन्स एकाउण्ट ष्टोर्स अफिसमा पठाउनु पर्छ ।

तर ३ वर्षभन्दा घटी सेवा गरेको रहेछ भने त्यस्ताको लगत आजीवन कायम राख्नु-पर्छ ।

४. भगुवाको सामान र फण्डमा जम्मा भएको रुपैयाँः– (१) भागी जाने व्यक्तिले छाडी गएको सामानहरू र रुपैयाँ कोर्ट अफ् इन्क्वायरीद्वारा छानबीन गराई सम्बन्धित वाहिनी, फर्मेशन, डिपो, गण, गुल्महरूले लगत खडा गरी राख्नुपर्छ । निजी लत्ता कपडा र सामान बाहेक सबै कपडा र सरसामानहरू फिर्ता गरी त्यसको रसीद क्वार्टर माष्टरले सुरक्षितसाथ राख्नु-पर्छ ।

(२) भगुवा व्यक्ति त्यसरी भागी गएका मितिले ३ महीनासम्म हाजिर हुन नआएमा वा पक्राउ भई नआएमा उप–नियम (१) मा उल्लिखित निजी लुगा कपडा र अरू सामानहरू उप-नियम (३) बमोजिमको बोर्डले लिलाम बिक्री गरी सो लिलाम भई आएको र फण्डमा जम्मा भएको रुपैयाँसमेतको हिसाब चढाई रिकर्ड राख्नुपर्छ ।

(३) उप–नियम (२) बमोजिमको सामानहरू लिलाम बिक्री गर्न सम्बन्धित अधिकृत-सहित ३ जवान भएको बोर्ड गठन हुनेछ । सो बोर्डले सम्बन्धित युनिटभित्र लिलाम गर्नेछ ।

५. सरकारी माल–सामानहरूको सोध भर्ना गर्ने तथा झिक्नेः– (१) भागी जाने व्यक्तिले एक्सट्राइस्यूको लुगा कपडा समेत लिई गएको रहेछ भने पुगेसम्म लिलाम भई आएको तथा फण्डमा जम्मा भएको रुपैयाँबाट कटाई र नपुग भएमा तलब भए तलबसमेतबाट मोल कट्टा गरी सो व्यहोरा जनाई नेपाल राष्ट्र बैङ्कमा दाखिल गर्नु पर्छ, त्यसरी जम्मा भएको रुपैयाँको भाउचर सो व्यक्तिको फाइलमा संलग्न गरी राख्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम मोल कट्टा गर्दा पनि नपुग भएमा सो सबै व्यहोरा देहायका पदाधिकारीहरू समक्ष पेश गर्नुपर्छ । निजहरूलाई मिह्ला दिने अधिकार पनि हुनेछ ।

(क) शाही जङ्गी अड्डाको भए प्रबन्धरथी, र

(ख) वाहिनी, फर्मेशन, डिपो, गण, गुल्महरूको भए सम्बन्धित बाहिनी पति ।

आज्ञाले–

उपरथी, छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

926